"समृद्ध नगर, सुखी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
फोन ०८३-४१००७२
E-mail: sktgurbhakotmun@gmail.com
Website : gurbhakotmun.gov.np

प.सं : २०७७/०७८ (उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा)
च.नं :

## उद्यम विकास सहजकर्ता करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।०७।२३**

प्रस्तुत विषयमा संघीय सरकारबाट यस नगरपालिकामा प्राप्त सशर्त अनुदान तर्फको गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालनका लागि आवश्यक उद्यम विकास सहजकर्ता करारमा पदपुर्तिका लागि तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरणहरु र राजश्व बुझाएको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

**तपशिल :**

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१।२०७७।०७८ | उद्यम विकास सहजकर्ता | स्थानीय तहको सहायक स्तर चौंथो/पाँचौं तह सरह | २ (दुई जना) |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभीटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभीटी) बाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा तह ३ उत्तीर्ण गरेको वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभीटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको

घ) नेपाली नागरिक हुनु पर्ने

ङ) करार सेवाको लागि कुनै पनि कानूनले अयोग्य नठहरिएको

च) उमेर १८ वर्ष पुरा भएर ४० वर्ष ननाघेको ।

छ) साथै निर्देशिकाको दफा ६ को खण्ड (क) बमोजिम योग्यता भएका, श्रम सूचना बैकमा सूचीकृत भएका र अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिईने छ ।

**२. दरखास्त दिने स्थान :** गुर्भाकाट नगर कार्यपालिकाको कार्यालय, शुभाघाट, सुर्खेत ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०७७ मसिंर ०७ गते कार्यालय समय भित्र । अन्तिम दिन सार्वजनिक विदा परेमा भोलि पल्ट कार्यालय समयमा दरखास्त पेश गर्न सकिने छ ।

**४. आवेदन दस्तुर :** रु ५०० (पाँच सय) ।

**५. आवेदन दस्तुर बुझाउने ठाँउ :** यस नगरपालिकाको राजश्व शाखा वा यस नगरपालिकाको रा.वा. बैकमा रहेको राजश्व खाता नं ४४८०१००३०१०१०००२ मा बुझाउन सकिनेछ ।

**६. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता

**७. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजात प्रतिलिपीहरु:

क) नेपाली नागरिकता
ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग) चारित्रिक प्रमाणपत्र
घ) २ प्रति पासपोर्ट साईजको फोटो
ङ) अनुभव सम्बन्धी कागजातहरु

**८. सेवा सुविधा :** स्थानीय सेवाको सहायक स्तर चौथो वा पाँचौं तह सरह

**९. पदले सम्पादित गर्नु पर्ने कार्यविवरण :** संघीय सरकारको गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा तोकिए बमोजिम हुनेछ ।

**१०. प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परिक्षा संचालन हुने मिति :** पछि प्रकाशित गरिने छ ।

**११. सम्पर्क नम्बर :** ०८३-४१००७२/९८४८०४१०३१

प्रमुख प्रशासकीय अधिकृत
(टेक बहादुर खत्री)
प्रमुख प्रशासकिय अधिकृत